# कुम्मायक गाउँपालिकाका उपाध्यक्ष श्री सीता आचार्य द्वारा प्रस्तुत आ.व. २०७४/०७६ को वार्षिक नीति तथा कार्यक्रम

**लोकतान्त्रिक शासन प्रणालीको लामो अभ्यास पश्चात स्थानीय जनताको स्वशासनको ईच्छा र आकांक्षालाई साकार पार्दै जारी भएको नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान अन्तर्गत स्थानीय तहको रुपमा गठित ऐतिहासिक, धार्मिक महत्वको प्राकृतिक छटायुक्त र मनोरम यस पावन भुमिमा अवस्थित कुम्मायक गाउँपालिकाको गाउँसभाका सभाध्यक्ष ज्यु, प्रमुख अतिथि ज्यु, गाउँसभा सदस्य ज्युहरु र सम्पुर्ण आमन्त्रित महानुभावहरु,**

करिव एक वर्ष अघि भएको ऐतिहासिक स्थानीय तहको निर्वाचन पश्चातको पहिलो वर्षको कार्यकालमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा साथ र सहयोग गर्नुहुने सम्पुर्ण महानुभावहरु प्रति सम्मानित गाउँसभा को तर्फबाट हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा समेत गाउँ, समाज र राष्ट्रको निर्माणमा सक्रिय साथ र सहयोगको अपेक्षा गर्दछौं ।

सभाध्यक्ष महोदय,

विकास निरन्तर प्रक्रिया हो र समय क्रममा यसका नयां नयां आयमहरु विकसित भईरहेका हुन्छन् । भौतिक संरचनाको निर्माण संगसंगै हामिले यसका सामाजिक, सांस्कृतिक, एवं मानवीय पक्षहरुलाई पनि उतिकै प्राथमिकता दिनुपर्ने हुन्छ । कुम्मायक गाउँपालिका वासी जनताको जीवन स्तर अभिवृद्धि र गुणात्मक जीवनको सुनिश्चितताका निम्ति हामी जनप्रतिनिधीहरुले प्राप्त गरेको यो अवसरलाई अधिकतम सदुपयोग गर्नुपर्नेछ ।

**“ गरीब असहाय सबै नागरिकको सम्मान, कुम्मायक गाउँपालिकाको चौतर्फि बिकास हाम्रो अभियान ”** भन्ने मूल नारा सहित स्थानीय नागरिकलाई विकासको प्रत्यक्ष अनुभूती दिलाउनका लागि यस कुम्मायक गाउँपालिकाले देहाय बमोजिमका विकास र समृद्धिका नीति तथा कार्यक्रम अवलम्बन गरेको छ ।

**१) मूलभुत नीतिहरु**

- भौतिक पुर्वाधारको विकास मार्फत रोजगारी सिर्जना , आय अभिवृद्धि र सहज जीवन यापनको सुनिश्चितता गर्दै सचेत र सकारात्मक सोचयुक्त समाजको निर्माण गरिनेछ।
- गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सम्पुर्ण नागरिकको सहज पहुंचलाई अभिवृद्धि गरिनेछ ।
- सार्वजनिक सेवालाई सरल, पहुंचयोग्य, र प्रतिफलयुक्त बनाउन आधुनिक सूचना तथा संचार प्रविधिसँग आवद्ध गरिदै लगिनेछ।
- सबै वडाहरुको चौतर्फी र सन्तुलित विकासका निम्ति विकासका सबै पक्षमा समान रुपमा श्रोत साधन विनियोजनमा जोड दिईने छ।
- सामाजिक परिचालन मार्फत लक्षित वर्गको सशक्तिकरण, उत्थान र विकासलाई जोड दिइनेछ।

- अति विपन्न, महिला, दलित, अपाङ्ग, ज्येष्ठ नागरिकको आर्थिक, सामाजिक विकासका लागि प्रत्यक्ष अनुभूती हुने योजना तथा कार्यक्रम लागू गरिनेछ ।

**२. क्षेत्रगत नीति तथा कार्यक्रम :**

**क) भौतिक पूर्वाधार विकास :**

- भौतिक संरचना निर्माण तर्फ गाउँपालिका क्षेत्रभित्रका मुख्य सडकलाई पहिलो प्राथमिकतामा राखी सबै वडाहरुमा सडक संजाललाई प्राथमिकता दिईनेछ । वडा कार्यालय जोडने सडक र योजनाबद्ध र पर्यावरणमैत्री मोटरबाटोको निर्माणलाई प्राथमिकता दिदै लगिनेछ । अन्य जिल्ला तथा स्थानीय तहसंग जडिने सडकलाई समेत विशेष प्राथमिकतामा राखिनेछ ।
- सबै नागरिकको स्वच्छ खानेपानीमा सहज पहुँच स्थापित गर्नका लागि खानेपानी योजनालाई प्राथमिकता प्रदान गरिनेछ ।
- शैक्षिक संस्था र स्वास्थ्य संस्थाका भवन लगायतका अधुरा भौतिक पुर्वाधार निमार्णलाई प्राथमिकतामा राखिनेछ ।

**ख) सामाजिक क्षेत्र**

- शिक्षाको गुणस्तर सुधारका निम्ति सबै पक्षसंग समन्वय गरी अघि बढिनेछ । अनिवार्य शिक्षा सम्बन्धी राष्टिय नीतिसंग तादात्म्यता राख्दै कार्यक्रमहरु अघि बढाईनेछ ।
- प्राविधिक शिक्षाको पुर्वाधार निर्माणलाई विस्तार गर्दै लगिनेछ ।
- अत्यन्त कम संख्यामा विद्यार्थी भएका तथा विद्यार्थी संख्या शुन्य भएका सामुदायिक विद्यालयहरुलाई गाभी  विद्यमान शिक्षक दरवन्दीको उचित र न्यायसंगत व्यवस्थापन गरिनेछ ।
- विद्याथीहरुलाई नियमित अध्ययनका निम्ति उत्प्रेरित गर्नका साथै विभिन्न अतिरिक्त शैक्षिक क्रियाकलाप र खेलकुदमा सरिक गराउने नीति अवलम्बन गरिनेछ ।
- उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीलाई पुरस्कृत गर्ने कार्यक्रम ल्याईनेछ ।

  - स्वास्थ्य चौकीहरुको भौतिक अवस्थामा सुधार गर्दै स्वास्थ्य संस्थाबाट निशुल्क प्राप्त हुने औषधि बाह्रै महिना सुलभ तरिकाले उपलब्ध गराउने र नयां उपकरण तथा प्रयोगशालाको व्यवस्थापन गरिनेछ ।
  - अति विपन्न परिवारलाई स्वास्थ्य सुविधामा पहुंच अभिवृद्धि गरिनेछ । स्वास्थ्य सचेतना अभिवृद्धि गर्न विभिन्न संघ सस्था र सामुदायिक संस्था संग समन्वय र साझेदारी गरिनेछ ।
  - शिघ्र कुपोषित बालबालिकाको स्वास्थ्य सुधार र मातृ स्वास्थ्य सुधारका लागि पोषण सुधार कार्यक्रम अवलम्बन गरिनेछ ।
- स्वास्थ्य सेवामा गरीब तथा विपन्नको समेत पहुंच बढाउन स्वास्थ्य शिविरको सञ्चालन गरिनेछ ।
- वभिन्न टोल वस्तीमा सरसफाई अभियान सञ्चालन गरिने छ ।
- **बा**लश्रम, जातिय भेदभाव, बालविवाह, लैंगिक विभेद, महिला हिंसा अन्त्यका लागि योजना तथा कार्यक्रम ल्याईनेछ ।

- सामाजिक सचेतना अभिवृद्धिका निम्ति विभिन्न दिवस समारोहको आयोजनालाई नियमित रुपमा सञ्चालन गरिनेछ ।
  - गाउँपालिकाको ठुलो समस्याका रुपमा रहेको खानेपानी अभावलाई न्युनिकरण गर्न ट्यांकर तथा ट्याक्टरबाट पानी ढुवानीलाई थप व्यवस्थित बनाइनेछ । साथै खानेपानीका मुलको संरक्षण र स्थानीयस्तरमा मुल तथा मुहानको दिगो र अधिकतम उपयोगमा ध्यान दिईनेछ ।

**ग) कृषि, वन, वातावरण, तथा सरसफाई** :

- कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यावसायीकरण प्रवर्द्धनका लागि कृषकहरुलाई विभिन्न सुविधा मार्फत आकर्षित तथा प्रेरित गर्ने कार्यक्रम ल्याइनेछ ।
- कृषि तथा पशुजन्य उत्पादनको विक्रि, वितरण तथा बजार व्यवस्थापन सुदृढ बनाउनका लागि स्थानीय सरकार तथा सहकारी साझेदारी मार्फत सहकारी संस्थाहरुको विकास तथा परिचालनमा जोड दिने नीति अवलम्बन गरिने छ ।
- बन क्षेत्रको संरक्षण तथा संवर्द्धन गर्नका लागि नर्सरी स्थापना, वृक्षारोपण लगायतलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।
- फोहोर व्यवस्थापनको निम्ति फोहोरलाई वर्गिकरण गर्ने पद्धति अवलम्बन गर्दै सरसफाई अभियान सञ्चालन गरिनेछ ।
- विपद् जोखिम व्यवस्थापन योजना निर्माण गरी कार्यान्वायनमा ल्याइनेछ ।
- वातावरण संरक्षणलाई आयोजनाको अंग बनाई वातावरणीय क्षति नहुने गरी आयोजना संचालन गरिने छ ।

**छ) संगठन तथा प्रशासन :**

- गाउँ कार्यपालिका तथा सबै वडा कार्यालयहरुबाट प्रदान गरिने सेवा कम्प्युटर प्रविधिमा जोडिनेछ । ईन्टरनेट सेवालाई सबै वडाहरुमा विस्तार गरी कार्यरत कर्मचारी एवं जनप्रतिनिधिलाई कम्प्युटर तालिम प्रदान गरिनेछ ।
- कर्मचारीहरुलाई आफ्नो कार्यप्रति उत्प्रेरित बनाउन प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- जनतालाई उनीहरुको घरदैलोमा सेवा प्रवाह गर्न एकीकृत घुम्ती सेवा टोली मार्फत सेवा प्रवाह गर्ने र सुशासन प्रवर्द्धन गरिने नीति अवलम्बन गरिने छ ।

**ज) सुशासन प्रवर्द्धन :**

- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित बनाउन हाल वडा नं. १ बाट शुरु गरिएको बैकिङ प्रणाली मार्फत भत्ता वितरणलाई आगामी वर्ष सबै वडामा विस्तार गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरणलाई व्यवस्थित र पारदर्शी बनाउन सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरण अद्यावधिक गरिनेछ ।
- जनताको सुचना प्राप्त गर्ने अधिकारको सम्मान र प्रवर्द्धन गर्न एवं गाउपालिकाद्धारा संचालित योजना तथा कार्यक्रमका सम्बन्धमा सवै जनतामा सुसुचित गर्न सार्वजनिक

सुनावाई कार्यक्रम, रेडियो कार्यक्रम तथा विभिन्न जानकारीमुलक कार्यक्रमहरु कार्यन्वयन गरिनेछ ।

**झ) राजश्व सुदृढीकरण तथा आन्तरिक आय :**

- राजश्वका सम्भावनाको खोजी तथा पहिचान गरी स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको महत्तम प्रयोगमार्फत् राजश्व सम्भाव्यता अध्ययन गरि स्थानिय तहको पर निरभर्तालाई कम गर्दै आन्तरिक राजश्व परिचालनमा जोड दिईनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका सबै व्यवसायी, उद्यमीहरुलाई करको दायरामा ल्याई कर तिर्न प्रोत्साहित गरिनेछ ।
- कर तथा राजस्व सम्बन्धी जानकारी प्रदान गर्न सम्पुर्ण वडाहरुमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

**ञ) खेलकुद र पर्यटन :**

- युवा वर्गमा अनुशासन र जिम्मेवारीवोध को भावना जागृत गराई समग्र गाउँपालिका क्षेत्रका विद्यार्थी, तरुणहरुमा योग्य, सक्षम, र सकारात्मक सोचको विकास गर्न गाउँपालिका क्षेत्रभित्र वडास्तर र गाउँस्तरमा विभिन्न प्रकारका खेलकुद प्रतियोगिता आयोजना गरिने र खेलकुद क्षेत्रका अन्य पूर्वाधार विकासका लागि प्राथमिकता दिईनेछ ।

- ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं प्राकृतिक महत्वका सम्पदा र धरोहरहरुको संरक्षण र सम्बर्द्धन गदै पर्यटकीय केन्द्रको रुपमा विकास गर्न गुरुयोजनाका आधारमा विभिन्न कार्यक्रमहरुलाई कार्यन्वयन गरिनेछ ।

- गाउँपालिकाका विभिन्न वडाका बजारहरुलाइ सफा, स्वच्छ र न्युनतम खानाबासको सुविधायुक्त तुल्याउन प्रोत्साहित गरिनेछ ।

- **ट) शान्ती सुरक्षा तर्फ** :
- गाउँपालिका केन्द्र लगायत आवश्यक ठाउँमा नागरिक सुरक्षाका लागि नेपाल प्रहरीको व्यवस्था मिलाईने छ ।
- नेपालको संविधान २०७२ को अनुसुची ८ मा स्थानीय तहको अधिकार क्षेत्र व्यवस्था भए अनुरुप आवश्यकता अनुसार नगर प्रहरीको व्यवस्था गर्न आवश्यक कार्य अघि बढाईनेछ ।

**ठ) वित्तीय तर्फ :**

**-** गाउँपालिका क्षेत्र भित्र बैंकिंग सेवाको शुरुवात भईसकेको सन्दर्भमा कार्यालयका भुक्तानीहरुलाई क्रमश पुर्णरुपमा बैकिंग प्रणाली तथा मार्फत हुने व्यवस्था मिलाईनेछ ।

- गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका सबै सहकारी संस्थाहरुको नियमन र सुदृढिकरण गरिनेछ ।

अन्तमा,
यस कुम्मायक गाउँपालिकाको विकास र समुन्नति तर्फको यो यात्रामा पुन सबै जनसमुदायहरुको सक्रिय र जुझारु साथ र सहयोगको अपेक्षा गर्दछौ ।

**✷ धन्यवाद ✷**